# १९ औँ संस्करणको पल्सर स्पोर्ट्स अवार्ड आज हुँदै

**हिमालय टाइम्स**
काठमाडौं, २२ फागुन

नेपाल खेलकुद पत्रकार मञ्चले वार्षिकरूपमा आयोजना गर्दै आएको नेपाली खेलकुद क्षेत्रको प्रतिष्ठित 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०७८' आज (मंगलबार) नेपाल प्रज्ञा प्रतिष्ठानमा एक विशेष कार्यक्रमबीच सम्पन्न गरिँदै छ । खेल क्षेत्रबाट अतुलनीय योगदान गरेर नेपालको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन मद्दत गर्ने खेलाडी, प्रशिक्षक, खेलकर्मी वा संस्थालाई उक्त अवार्डमा सम्मानित गरिन्छ । नेपाल खेलकुद पत्रकार मञ्चले २०६० सालदेखि अवार्ड निरन्तर आयोजना गरिरहेको छ ।

यसपटकको १९औं संस्करणको पल्सर स्पोर्ट्स अवार्डका मा आयोजकले विभिन्न नौ विधामा खेलाडी र खेलकर्मीलाई सम्मानित गरिरहेको छ । पल्सर स्पोर्ट्स अवार्डअन्तर्गत लाइफटाइम एचिभमेन्ट, पारा एथलिट, स्पेसल एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड विधाको विजेता घोषणा कार्यक्रमका दिन नै घोषणा हुनेछ । अन्य पाँच विधामा पाँच-पाँच खेलाडी सार्वजनिक गरिएको छ ।

त्यसमा क्रिकेटका आसिफ शेख, फुटबलका अञ्जन विष्ट, टेनिसकी अभिलाषा विष्ट, पौडीकी डुवाना लामा र भलिबलकी उषा भण्डारी पिपुल्स च्वाइस अवार्डको मनोनयनमा हुनुहुन्छ । उहाँहरूलाई समर्थक, खेल पत्रकार तथा प्रशिक्षकहरूबाट आउने भोटिङका आधारमा विजेता घोषणा गरिनेछ ।

यसपटक वर्ष पुरुष खेलाडीको मनोनयनमा फुटबलका अञ्जन विष्ट र किरण चेम्जोङ, क्रिकेटका कुशल भुर्तेल र दीपेन्द्रसिंह ऐरी तथा ब्याडमिन्टनका प्रिन्स दाहाल रहनुभएको छ । यस्तै, वर्ष महिला खेलाडीको मनोनयनमा भलिबलकी अरुणा शाही, क्रिकेटका रुविना क्षेत्री र सीता रानामगर, एथलेटिक्सकी पुष्पा भण्डारी र बक्सिङकी पुनम रावल रहनुभएको छ ।

त्यसबाहेक वर्ष युवा खेलाडीको मनोनयनमा फुटबलका मनिष डाँगी, बक्सिङका छिरिङ वाङ्दी शेर्पा, ब्याडमिन्टनकी रसिला महर्जन, फुटबलकी प्रीति राई र भलिबलकी उषा भण्डारी तथा वर्ष प्रशिक्षकतर्फ फुटबलका कुवेती अब्दुल्लाह अलमुताइरी, क्रिकेटका अष्ट्रेलियन डेव ह्वाटमोर, पारा तेक्वान्दोका कविराज नेगी, बक्सिङका दीपक महर्जन र भलिबलका जगदीश भट्ट मनोनयनमा पर्नुभएको छ ।

विगतमा जस्तै वर्ष पुरुष, महिला, पिपुल्स च्वाइस र वर्ष प्रशिक्षकका विजेताले पल्सर मोटरसाइकल पाउनेछन् । यसपालि युवाका विजेतालाई पनि पल्सर मोटरसाइकल प्रदान गरिने आयोजकले जनाएको छ । अन्य विधाका विजेतालाई ५० हजार रुपैयाँसहित गिफ्ट ह्याम्पर प्रदान गरिनेछ ।

**मनोनयनमा परेका खेलाडीहरूको प्रदर्शन**

**कुशल भुर्तेल**

वर्ष २०७८ मा अन्तर्राष्ट्रिय क्रिकेटमा नेपालको दोस्रो सर्वाधिक रनकर्ता । २८ खेलमा एक शतक र सात अर्धशतकसहित ८१६ रन ।

टी-ट्वान्टी अन्तर्राष्ट्रिय पदार्पणमा नै लगातार तीन अर्धशतकसहित विश्व कीर्तिमान । नेदरल्याण्ड्स र मलेसिया सम्मिलित त्रिदेशीय शृंखलामा आफ्नो पदार्पणमा नै पाँच खेलमध्ये चारमा अर्धशतक । पदार्पण शृंखलामै प्लेयर अफ द सिरिज घोषित । साथै एकै टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा सर्वाधिक रन (२७८) को कीर्तिमान ।

आइसिसी प्लेअर अफ दी मन्थमा मनोनयन ।

प्रधानमन्त्री कपमा सर्वश्रेष्ठ ब्याट्सम्यान ।

टी-ट्वान्टी विश्वकप ग्लोबल छनोटमा फिलिपिन्सविरुद्ध शतक र ओमानविरुद्ध अर्धशतक । पाँच खेलमा १०२.५ को औसतले २०५ रन बनाउँदै प्रतियोगिताकै तेस्रो सर्वाधिक र नेपालको सर्वाधिक रनकर्ता ।

आइसिसी विश्वकप लिग-२ को पदार्पणमा अमेरिकाविरुद्ध ८४ रन तथा तीन क्याच लिएर प्लेयर अफ द म्याच घोषित ।

**दीपेन्द्र सिंह ऐरी (क्रिकेट)**

वर्ष २०७८ मा नेपालले खेलेको अन्तर्राष्ट्रिय क्रिकेटमा सर्वाधिक रनकर्ता (१८ खेलमा ८३५ रन बनाउनुका साथै २० विकेट) ।

नेदरल्याण्ड र मलेसियाविरुद्धको टी-ट्वान्टी अन्तर्राष्ट्रिय शृंखलामा पाँच खेलमध्ये चार पालिमा ७३.५० को औसत र २१६.१७ कोस्ट्राइक रेटमा दुईपटक अविजित रहँदै १४७ रन ।

पपुवा न्युगिनी र मलेसियाविरुद्ध त्रिदेशीय टी-ट्वान्टी अन्तर ाष्ट्रिय शृंखलामा मलेसियाविरुद्ध ११० रन । जुन टी-२० मा नेपाली ब्याट्सम्यानको व्यक्तिगत सर्वाधिक स्कोर हो ।

पाँच खेलमा ८५ को औसत र १७१.१४ को शानदार स्ट्राइक रेटमा २५५ रन । उक्त सिरिजको प्लेयर अफ द सिरिज । पपुवा न्युगिनीविरुद्धको जितमा प्लेयर अफ द म्याच घोषित हुँदा ३८ बलमा अविजित ५४ रन बनाउनुका साथै १८ रन खर्चेर ४ विकेट ।

टी-ट्वान्टी विश्वकप छनोट युएई २०२२ मा नेपालको सर्वाधिक रनकर्ता । पाँच खेलमध्ये चार पालिमा ५३ को औसतमा १५९ रन तथा ३ विकेट ।

पपुवा न्युगिनीविरुद्ध घरेलु एकदिवसीय अन्तर्राष्ट्रिय शृंखलामा १०५ रनको शतकीय पालि ।

**अञ्जन विष्ट (फुटबल)**

विश्वकप २०२२ तथा एएफसी एसियन कप २०२३ को छनोटअन्तर्गत समूह बीमा चाइनिज ताइपेईविरुद्ध गोल ।

१३औँ साफ च्याम्पियनसिपमा श्रीलंका र बंगलादेशविरुद्ध गोल ।

एनएसएलमा सर्वश्रेष्ठ फरवार्ड ।

**किरण चेम्जोङ (फुटबल)**

साफ च्याम्पियनसिपमा फाइनल पुऱ्याउने कप्तान ।

आई लिग च्याम्पियन बनाउने खेलाडी ।

आई लिगमा सर्वश्रेष्ठ गोलरक्षक ।

एनएसएलमा धनगढी उपविजेता हुँदाको कप्तान ।

अफ्रिकी राष्ट्र मोरिससविरुद्धको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा पेनाल्टी सेभ ।

**प्रिन्स दाहाल (ब्याडमिन्टन)**

विश्व ब्याडमिन्टन महासंघले प्रकाशित गरेको सूचीमा विश्वको नम्बर एक जुनियर ब्याडमिन्टन खेलाडी बन्न सफल ।

लिनिङ ११औँ पुष्पलाल स्मृति र्‍याङकिङ राष्ट्रिय ब्याट्सम्यान प्रतियोगिता २०७८ मा स्वर्ण ।

योनेक्स सनराइज चौथो जेष्ट राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप २०७८ मा स्वर्ण ।

दोस्रो प्रधानमन्त्री कप खुल्ला राष्ट्रिय र्‍याङकिङ ब्याडमिन्टन प्रतियोगितामा स्वर्ण ।

प्रथम भक्तपुर राष्ट्रव्यापी ब्याडमिन्टन च्याम्पियनसिप २०७८ मा रजत पदक ।

रिभाइभ राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिपमा रजत ।

एसियन ओलम्पिक परियोजनामा छात्रवृत्ति ।

वर्षका सर्वश्रेष्ठ महिला खेलाडी मनोनयन

**सीता राना मगर**

वर्ष २०७८ मा नेपालको सर्वाधिक रनकर्ता तथा दोस्रो सर्वाधिक विकेटकर्ता । सात खेलमा २२१ रन तथा ८ विकेट ।

कतार भ्रमणअन्तर्गत टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजको दोस्रो खेलमा अविजित ८२ रन । जुन नेपाली महिला क्रिकेटको टी-ट्वान्टी अन्तर्राष्ट्रियमा हालसम्मकै सर्वाधिक व्यक्तिगत स्कोर ।

आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटमा नेपालको सर्वाधिक रन र विकेटकर्ता ।

पाँच खेलमा १०० रन तथा छ विकेट ।

प्रतियोगिताका दुई खेलमा प्लेयर अफ द म्याच ।

आफ्नो कप्तानीमा एपिएफलाई प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय प्रतियोगिता, ललितपुर मेयर महिला च्याम्पियनसिप जिताउन सफल । प्रधानमन्त्री कपको फाइनलमा प्लेयर अफ द म्याच ।

**रुविना क्षेत्री**

वर्ष २०७८ मा नेपालको सर्वाधिक विकेटकर्ता । आठ खेलमा नौ विकेट तथा ९६ रन ।

आफ्नो कप्तानीमा कतारविरुद्ध ऐतिहासिक पहिलो टी-२० अन्तर्राष्ट्रिय सिरिज जित । सिरिज ३-० ले क्लिन स्विप गर्दा प्लेयर अफ द सिरिज घोषित ।

आफ्नो कप्तानीमा प्रदेश-१ लाई प्रधानमन्त्री कप टी-२० को फाइनल पुऱ्याउन सफल । सो प्रतियोगितामा प्लेयर अफ द सिरिज घोषित ।

**अरुणा शाही (भलिबल)**

नेपालले बंगलादेशको ढाका मिरपुरमा भएको एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि रक्षा नेपालले गर्दाको कप्तान । नेपाल समूह चरणका पाँच खेल र फाइनलमा उज्वेकिस्तानलाई हराएर अपराजित यात्रासहित च्याम्पियन बनेको ।

प्रतियोगिताको बेष्ट सेटर ।

छैटौँ एनभिए कपमा बेष्ट सेटर ।

**पुनम रावल (बक्सिङ)**

थाइल्याण्ड अन्तर्राष्ट्रिय खुला बक्सिङ प्रतियोगितामा ६० केजी तौलसमूहमा कांस्य पदक ।

सन् २०१० मा दीपक महर्जनले जितेको कांस्य पदकपछि नेपाल बक्सरले दिलाएको पहिलो पदक । त्यसबेला सो प्रतियोगिता किङ्स कपका नाममा हुने गर्दथ्यो ।

**पुष्पा भण्डारी (एथलेटिक्स)**

दोस्रो बंगबन्धु शेख मुजिब ढाका म्याराथन २०२२ मा उपाधि रक्षा अभियानमा कांस्य पदक ।

केटिएम सिटी टेनके रन २०२२ स्वर्ण ।

दशौँ धरान रन टेनके रन २०२० स्वर्ण ।

किसुनजी मेमोरियल ओपन महिला तथा पुरुष राष्ट्रिय हाफ म्याराथन स्वर्ण ।

धारा नेपालगञ्ज म्याराथन २०७८ रजत पदक ।

प्रोटिन हाफ म्याराथन २०७८ रजत पदक ।

तेस्रो गणेशमान सिंह टेनके रन रजत पदक ।

**वर्षका सर्वश्रेष्ठ युवा खेलाडी मनोनयन**

**मनिष डाँगी (फुटबल)**

अन्तर्राष्ट्रिय फुटबल पदार्पणमा एसियाकै हेभिवेट फुटबल राष्ट्र इराकविरुद्ध दर्शनीय गोल ।

साफ फुटबल च्याम्पियनसिपको उद्घाटन खेलमा आयोजक माल्दिभ्सविरुद्ध निर्णायक गोल ।

मच्छिन्द्र क्लबलाई लिग च्याम्पियन बनाउन योगदान ।

**प्रीति राई (फुटबल)**

अन्तर्राष्ट्रिय फुटबलको पदार्पणमा नै बंगलादेशविरुद्ध गोल ।

साफ महिला फुटबल च्याम्पियनसिपको सेमिफाइनलमा दावेदार भारतलाई हराउन महत्त्वपूर्ण योगदान । रश्मिकुमारी घिसिङले गरेको निर्णायक गोलमा प्रीतिको उत्कृष्ट एसिस्ट ।

भारतविरुद्धको सो खेलमा प्लेअर अफ दी म्याच ।

**छिरिङ वाङ्दी शेर्पा (बक्सिङ)**

युएईको दुबइमा भएको एएसबिसी युथ तथा जुनियर बक्सिङ च्याम्पियनसिपमा कांस्य पदक । सो उपलब्धि हासिल गर्नेक्रममा कुवेतका बक्सरलाई सजिलै पाँच-शून्यले हराएको ।

**रसिला महर्जन**

रिभाइभ राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिपमा स्वर्ण ।

प्रथम बाह्रबिसे खुला राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिपमा स्वर्ण ।

प्रथम भक्तपुर राष्ट्रव्यापी ब्याडमिन्टन च्याम्पियनसिप २०७८ मा स्वर्ण ।

योनेक्स सनराइज चौथो जेष्ट राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप २०७८ मा स्वर्ण ।

दोस्रो प्रधानमन्त्री कप खुला राष्ट्रिय र्‍याङकिङ ब्याडमिन्टन प्रतियोगितामा स्वर्ण ।

लिनिङ ११औँ पुष्पलाल स्मृति र्‍याङकिङ राष्ट्रिय ब्याटसम्यान प्रतियोगिता २०७८ मा रजत ।

**उषा भण्डारी (भलिबल)**

नेपालले दोस्रो पटक सेन्ट्रल जोन भलिबलको उपाधि जित्दाको महत्त्वपूर्ण सदस्य ।

एनभिए राष्ट्रिय महिला तथा पुरुष भलिबल च्याम्पियनसिपमा महिलातर्फ उत्कृष्ट खेलाडी घोषित ।

टाइगर कपको उपाधि विजेता बन्दा उत्कृष्ट खेलाडी ।

माल्दिभ्समा सम्पन्न युथ च्याम्पियनसिप प्रतियोगितामा फेल्कन क्लबलाई उपाधि दिलाउन सफल । प्रतियोगिताको उत्कृष्ट खेलाडी तथा वेष्ट ६ प्लेयरमा पर्न सफल ।

**वर्षका सर्वश्रेष्ठ प्रशिक्षकको मनोनयन**

**अब्दुल्लाह अलमुताइरी (फुटबल)**

नेपाललाई पहिलोपटक एएफसी एसियन कप २०२३ को छनोटको तेस्रो चरण, एसिया कपमा छनोटसम्म पुऱ्याउने प्रशिक्षक ।

माल्दिभ्समा भएको १३औँ साफ च्याम्पियनसिपमा नेपालले पहिलोपटक फाइनलमा पुगेर इतिहास बनाउन योगदान दिने प्रशिक्षक ।

दुई खेलको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण शृंखलामा नेपाल अलमुताइरीको प्रशिक्षकत्वमा अफ्रिकी देश मोरिससलाई दुवै खेलमा पराजित गर्न सफल । नेपाल पहिलोपटक अफ्रिकी राष्ट्रसँग अन्तर्राष्ट्रिय फुटबलमै शृंखला जित्न सफल ।

डेभ ह्वाटमोर (क्रिकेट)

नेदरल्याण्ड र मलेसियाविरुद्धको घरेलु टी-ट्वान्टी अन्तर्राष्ट्रिय शृंखलामा नेपालको ऐतिहासिक जित । नेदरल्याण्डविरुद्ध नेपालले बनाएको २३८ रन हालसम्मकै नेपालको उच्च टी-२० अन्तर्राष्ट्रियमा टिम योगफल । सिरिजमा पहिले ब्याटिङ गरेको तीनवटै खेलमा नेपाल २ सयमाथिको योगफल बनाउन सफल । नेदरल्याण्डविरुद्ध नेपालले १४२ रनको हालसम्मकै उच्च रनअन्तरको जित ।

पपुवा न्युगिनीविरुद्ध एकदिवसीय अन्तर्राष्ट्रिय सिरिज जित ।

विश्वकप लिग-२ अन्तर्गत ओमान र अमेरिकासँगको सिरिजमा घरेलु टोली ओमानविरुद्ध नेपालको एकदिवसीय अन्तर्राष्ट्रियमा ऐतिहासिक पहिलो जित ।

**कविराज नेगी (पारा तेक्वान्दो)**

नेगीको प्रशिक्षकत्वमा पलेसा गोवर्द्धनले बहराइनको मनामामा भएको एसियन युथ पारा गेम्समा स्वर्ण पदक ।

एसियन युथ गेम्समा नेगीकै प्रशिक्षकत्वमा सिर्जना घिसिङलाई रजत र विशाल गर्बुजाबाट कांस्य पदक पनि नेपाललाई प्राप्त ।

इरानको तेहरानमा भएको डब्ल्युटी प्रेसिडेन्ट कप एसिया रिजनमा के ४४ क्याटगरीमा सिर्जना घिसिङले इरान र टर्कीका खेलाडीलाई हराएर रजत पदक जित्दाको प्रशिक्षक ।

डब्ल्युटी प्रेसिडेन्ट कप एसिया रिजन प्रशिक्षक नेगीको टिम नेपालले फेयर प्ले अवार्ड जित्न सफल ।

टोकियो पारालम्पिकमा नेगीको प्रशिक्षकत्वमा पलेसा दुई खेल (अमेरिका र सर्बियाका खेलाडीलाई हराएको) जितेर इतिहास कायम गर्न सफल । यसअघि पारालम्पिकमा नेपालले एक खेल पनि जितेको थिएन ।

**दीपक महर्जन (बक्सिङ)**

युएईको दुबइमा भएको एएसबिसी युथ तथा जुनियर बक्सिङ च्याम्पियनसिपमा नेपाललाई तीन कांस्य पदक दिलाउने प्रशिक्षक ।

महर्जनको प्रशिक्षकत्वमा छिरिङ वाङ्दी शेर्पा, स्वस्तिका तिरुवा र नारिका राई कांस्य पदक जित्न सफल ।

**जगदीश भट्ट (भलिबल)**

नेपालले बंगलादेशको ढाका मिरपुरमा भएको एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि रक्षा नेपालले गर्दाको प्रशिक्षक । नेपाल समूह चरणका पाँच खेल र फाइनलमा उज्वेकिस्तानलाई हराएर अपराजित यात्रासहित च्याम्पियन बनेको ।

# यूएईमाथि नेपालको रोमाञ्चक जित, विश्वकप सम्भावना जीवितै

## सिरिजका चार मध्ये तीन खेलमा जीत हात पार्न सफल

**हिमालय टाइम्स**
काठमाडौं, २२ फागुन



यूएईविरुद्ध रोमाञ्चक जीत दर्ता गर्दै नेपालले आइसिसी क्रिकेट विश्वकप लिग टुको शीर्ष तीन मा पर्ने सम्भावना जीवित राखेको छ । घरेलु टोलीविरुद्ध ४२ रनको जीत दर्ता गर्दै नेपालले महत्त्वपूर्ण दुई अंक बटुलेको हो । यससँगै ३२ अंकका साथ नेपाल अंक तालिकाको पाचौं स्थानमा उक्लिएको छ ।

अब नेपालमा हुने चार खेलमा जीत निकाल्न सके नेपाल शीर्ष तीन मा परेर सिधै विश्वकप क्वालिफायरमा पुग्ने छ भने थप दुई जीत दर्ता गर्दा एक दिवसीय मान्यता जोगिने छ ।

२३० रनको विजयी लक्ष्य पछ्याएको यूएई अलआउट हुन पुग्यो । यूएईलाई लक्ष्यसम्म पुग्न नदिने क्रममा दीपेन्द्रसिंह ऐरी र सोमपाल कामीले शानदार बलिङ गर्नुभयो ।

यसअघि भीम सार्कीको ७०, आरिफ शेखको ४३, कुशल मल्लको ३२ र सन्दीप लामिछानेको २७ रनको मद्दतले नेपालले २२९ रनको योगफल तयार पारेको थियो । यससँगै नेपालले यूएई सिरिजका चार मध्ये तीन खेलमा जीत हात पार्न सफल भएको छ ।

# बराबरीमा रोकियो म्याड्रिड, बार्सिलोनाको जित

**एजेन्सी**
म्याड्रिड, २२ फागुन

स्पेनिस ला लिगामा रियल म्याड्रिड बराबरीमा रोकिएको छ । रियल घरेलु टोली रियल बेटिससँग गोलरहित बराबरीमा रोकिएको हो । बेनिटो भिल्लामार सेभिल्लामा आइतबार राती भएको खेलमा रियलले घरेलु टोलीमाथि दबाब बढाए पनि गोल गर्न नसक्दा बराबरीमा रोकिन बाध्य बन्यो ।

खेलको १२औँ मिनेटमा कप्तान करिम बेन्जेमाले गोल गरे पनि भिएआरबाट मान्यता नपाउँदा रियल अग्रता लिनबाट चुकेको थियो । त्यसपछि पनि रियलले गोलको अवसर सिर्जना गरे पनि सदुपयोग गर्न नसक्दा बराबरीमा रोकिन पुग्यो । यस बराबरीले दोस्रो स्थानमा रहेको रियल शीर्षस्थानको बार्सिलोनासँग नौ अंकले पछि परिसकेको छ । रियलको २४ खेलबाट ५३ अंक छ । समान खेलबाटै शीर्षस्थानमा रहेको बार्सिलोनाको ६२ अंक छ । रियललाई बराबरीमा रोकेको रियल बेटिस ४१ अंक जोडेर पाँचौ स्थानमा छ । यता, बार्सिलोनाले भ्यालेन्सियामाथि एक-शून्यको जित हात पाऱ्यो । बार्सिलोनाको जितमा पहिलो हाफमा राफिन्हाले गरेको गोल नै निर्णायक बन्यो । स्पोटिफाई नोउक्याम्पमा आइतबार राती भएको खेलको १५औँ मिनेटमा राफिन्हाले निर्णायक गोल गर्नुभएको थियो ।

५५औँ मिनेटमा फेरान टोरेस पेनाल्टीमा चुक्दा बार्सिलोना अग्रता दोब्बर पार्नबाट चुक्यो । ५९औँ मिनेटमा बार्सिलोना १० खेलाडीमा समेटिन पुग्यो । ह्युगो डुरोमाथि अनावश्यक फउल गरेपछि रेफ्रीले रोनाल्ड एराउजोलाई सिधै रातो कार्ड देखाउँदै मैदान बाहिर पठाउनुभएको थियो । तर, त्यसले खेलमा केही फरक परेन । यस जितसँगै शीर्षस्थानमा रहेको बार्सिलोनाको २४ खेलबाट ६२ अंक पुगेको छ । बार्सिलोनाले दोस्रो स्थानमा रहेको रियल म्याड्रिडलाई नौ अंकले पछि पारेको छ । रियलको ५३ अंक छ । पराजित भ्यालेन्सिया २३ अंक जोडेर १९औँ स्थानमा छ ।

**Bihadi Rural Municipality**
**Office of Municipal Executive**
**Wahakithati, Parbat**
**Gandaki Province, Nepal**

**Invitation for Bids**

***First Date of publication: 2079/11/23 (2023-03-07)***

1. The Bihadi Rural Municipality, Parbat invites electronic bids from eligible bidders for the procurement of following work National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Bihadi Rural Municipality, Parbat . Phone No. 9857650871 or may visit PPMO egp system website www.bolpatra.gov.np/egp, and look after the published bid by Bihadi rural Municipality.

| Contract No. | Description of Work | Estimated Amount (Without VAT NRs.) | Bid Security (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time | Bid Document fee Not Refundable (NRs.) |
|---|---|---|---|---|---|---|
| OBRM/PAR/G/NCB/01/079/80 | Procurement of Fabrication steel parts and transportation up to road heads of Maduskhola Trail Bridge and Bachchha steel truss Bridge. | 2210270.0 | 58000.0 | 6th April 2023, 12:00 PM | 6th April 2023, 12:00 PM | 3000 |

**Chief Administrative Officer**

**Narpa Bhumi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chyankhu, Manang**
**Gandaki Province, Nepal**

**Invitation for Electronic Bids**

***(First date of Publication: 07 Mar 2023(2079/11/23)***

1. Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang invites the electronic bids only under e-procurement system from eligible bidders for the Supply of Goods mentioned below under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract ID | Name of Project | Quantity | Estimated Amounts with VAT (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NBRM/GOODS/NCB/TB-01/2079/080 | Fabrication of steel parts of three Trail Bridge and transportation up to Road Head | 1 Unit | 53,95,207.18 | 1,35,000 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang. Tel: 066-440253, EMAIL: **info@narpabhumimun.gov.np** or may visit PPMO eGP system **www.bolpatra.gov.np/egp**.
3. Bidding documents is available online and can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in e-GP system and deposit NRs. 3,000.00, the cost of bidding document (non-refundable fee), in the following bank account as specified below:

   **Name of the Bank:** Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal
   **Name of Office:** Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal
   **GA 1.1-NARPABHUMI AANTARIK RAJASWA Account no.:** 26503000001001000001 (Cost of Bid Document)
   **GA 3-NARPABHUMI STHANIYA TAHA DHARA Retention (Dharauti) Account no.:** 26503000003000000001 (For bid security)

4. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 Noon on 06 April, 2023 (2079/12/22)**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours on 06 April, 2023 (2079/12/22)** at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang, Gandaki Province, Nepal. Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security, amounting to a minimum mention above, which shall be valid for **30 days** beyond the validity period of the bid. Bidders shall deposit the bid security at the above bank mentioned or as bank guarantee in standard format as specified in bidding document from "A" class commercial bank specifying the contract.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.